## १४. यातायात नीति

- देशका दुर्गम भू-क्षेत्रहरूमा सडक सञ्जाल विस्तार गर्न राज्य र जनताको एकीकृत अभियान सञ्चालन गरिने छ ।
- यातायात क्षेत्रमा ब्याप्त बेथितिको अन्त्य गरी नागरिकको यातायातमा सहज पहुँचको सुनिश्चितता गरिने छ ।
- बाल-बालिका, वृद्ध-बृद्धा र फरक क्षमता भएका नागरिकहरूको लागि यातायातमा विशेष सहुलियतको व्यवस्था गरिने छ ।

## १५. पर्यटन नीति

- पर्यटनलाई आर्थिक विकासको मेरुदण्डको रूपमा लिई पर्यटन व्यवसायलाई विशेष क्षेत्र घोषणा गरी दिगो पर्यटन विकासका लागि ठोस कदम चालिने छ ।

## १६. जलविद्युत नीति

- जलविद्युत क्षेत्रको सम्भाव्यता अध्यन गरी "रोजगारी र आर्थिक विकासमा जलविद्युत" भन्ने राष्ट्रिय संकल्प नीति अगाडि बढाइने छ ।

## १७. निजी क्षेत्र

- राष्ट्र निर्माणमा निजि क्षेत्रको सहभागिता सुनिश्चित गरिने छ ।

## १८. खेलकुद

नेपाल खेलकुद विकासका लागि पर्याप्त आधार भएको देश हो । साधारण लगानीमा पनि विगतदेखि प्रतिभाशाली खेलाडीहरूको उत्पादन हुदै आएको हो । यदि राज्यले उचित ध्यान दिने हो भने योग्य र सक्षम खेलाडीहरू उत्पादन गर्न सकिने संभावना छ । त्यसका लागि राज्यबाट निम्न कामहरूको लागी पहल लिइने छ ।

- खेलकुद क्षेत्रमा लगानी वृद्धि गरिने छ ।
- खेलाडी उत्पादन, विकास र संरक्षणमा जोड गरिने छ ।
- खेलाडी छनोटमा निष्पक्षता र समान मापदण्ड अख्तियार गरिने छ ।
- खेलकुद विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरूको आयोजना गरिने छ ।

## १९. पर्यावरण

मानव समाज, जीवन र स्वास्थ्यका लागि पर्यावरण निकै महत्वपूर्ण विषय हो । केही वर्ष पहिलेसम्म नेपाल पर्यावरणीय दृष्टिले उत्तम देश थियो । तर पछिल्लो समयमा केही देशभित्रका, केही बाह्यविश्वका हानिकारक कार्यले गर्दा तीब्र गतिमा पर्यावरणीय समस्या बढेका छन् । "स्वस्थ जीवनका लागि स्वस्थ पर्यावरण" भन्ने नाराका साथ निम्न कार्यहरू गरिने छ ।

- नेपालमा जथाभावी सडक खन्ने, बनजंगल मास्ने र नदीनाला दोहन गर्ने कार्य बन्द गरिने छ ।
- पर्यावरणमा असर नपर्ने गरी विकास निर्माणका कार्यहरू संचालन गरिने छ ।
- खेतबारी, बालीनाली, फलफूल, खोलानालामा जथाभावी विषादी प्रयोगमा रोक लगाइने छ ।
- विकसित देशहरूको मनपरी हरित ग्याँस उत्सर्जन, अत्यधिक इन्धन प्रयोगबाट पैदा हुने प्रदुषणका कारण हाम्रा जस्ता विकासोन्मुख देशहरूमा घातक प्रभाव परिरहेको छ । संयुक्त राष्ट्र संघ लगायत अन्तराष्ट्रिय कानुनको व्यवस्था अनुरूप क्षतिपूर्तिका लागि पहल गरिने छ । प्राप्त हुने रकमलाई पर्यावरणीय संरक्षणको लागि सदुपयोग गरिने छ ।
- हिमाल, पहाड र तराईमा हावापानी अनुरूपका बोट-बिरूवा, फलफूल रोपणमा जोड दिइने छ ।
- दुर्लभ बन्यजन्तु, पशुपन्छीको संरक्षण गरिने छ ।

## २०. सुकुम्बासी

देशमा गास-बास नभएका सुकुम्बासी नागरिक छन् । उनीहरू दशकौंदेखि अमानवीय पीडा र समस्यामा छन् । अनेकौं आयोग बने पनि यो समस्या समाधान हुन सकेको छैन । त्यसका लागि निम्न कामहरू गरिने छ ।

- वास्तविक सुकुम्बासीको तथ्याङ्क संकलन गरी निष्पक्षता पूर्वक बासको व्यवस्था सुनिश्चित गरिने छ ।
- बसोबास गरिरहेका सुकुम्बासीहरूलाई वैकल्पिक व्यवस्था नगरी हटाइने छैन साथै सुकुमवासी नागरिकका लागि रोजगारीको व्यवस्था गरिने छ ।

## २१. मध्यमवर्ग

देशमा पछिल्लो समय मध्यमवर्ग तीव्रतामा विकास र बिस्तार भइरहेको छ । तर राज्यको सुस्पष्ट नीति र योजनाको अभावका कारण महत्वपूर्ण योगदान गर्दागर्दै पनि आर्थिक क्षेत्रमा टाट पल्टिने अवस्थामा पुगेको छ । यसको संरक्षण र विकासका लागि निम्नानुसार संघर्ष गरिने छ ।

- मध्यमवर्गको व्यवसायिक क्षमता र रूचीलाई संबद्धन गर्ने गरी राज्यको नीति बनाइने छ ।
- व्यवसायिक क्षमताको मूल्याङ्कन गरी सहुलियत ऋण उपलब्ध गराइने छ साथै व्यवसायमा आउने संकटको मूल्याङ्कन गरी राज्यद्वारा सहुलियत कर्जाको व्यवस्था गरिने छ ।

## २२. संघर्ष

हामी निम्न समस्या समाधान गर्न स्पष्ट नीतिसहित प्रतिबद्ध छौं ।

१. श्रमिक समुदाय
- श्रमिक समुदायमाथि भइरहेको जातीय भेदभाव, छुवाछुत र सामाजिक अन्यायको विरूद्ध सर्घष गर्ने ।
- श्रमिक समुदायको शिक्षा, स्वास्थ्य, रोजगारी र राज्य संरचनामा समान र अनिवार्य सहभागिता सुनिश्चित गर्न संघर्ष गर्ने ।

२. महिला
- महिलामाथि हुने सबै प्रकारका हिंसा, विभेद र असमान व्यवहारको विरूद्ध संघर्ष गर्ने ।
- महिलालाई समान वंशीय अधिकार, सम्पत्ति अधिकार, रोजगारी र निर्णय प्रक्रियामा महिलाको वास्तविक पहुँचका लागि संघर्ष गर्ने ।


३. किसान
- किसानलाई आत्मनिर्भर बनाउन दीर्घकालीन कृषि नीतिका लागि संघर्ष गर्ने ।
- उत्पादित कृषि उपजको उचित मूल्य प्राप्तिको लागि संघर्ष गर्ने ।
- बीउ, मल, सिँचाइ र बजारको अभावले पीडित किसानहरूको पक्षमा संघर्ष गर्ने ।

४. भ्रष्टाचार
- साना कर्मचारीदेखि ठूला नेतासम्मको संलग्नता र संरक्षणमा मौलाएको भ्रष्टाचार विरूद्ध संघर्ष गर्ने ।
- भ्रष्टाचारलाई संरक्षण गर्ने प्रवृतिको अन्त्य गर्न संघर्ष गर्ने ।

५. कालोबजारी
- महँगी, कृत्रिम अभाव र कालोबजारी लगायतका जनविरोधी अपराध विरूद्ध संघर्ष गर्ने ।
- उपभोक्ता हकहित रक्षा गर्न संघर्ष गर्ने ।

६. राष्ट्रघाती MCC
- राष्ट्रिय स्वाधीनता र सार्वभौमिकतामाथि हस्तक्षेप गर्ने गरी गरिएको MCC सम्झौता खारेज गर्न संघर्ष गर्ने ।

# नेपाल कम्युनिस्ट पार्टी (माओवादी)



# प्रतिबद्धता-पत्र

**स्वाधीनता, आत्मनिर्भरता र समानताका लागि ने.क.पा (माओवादी)का उम्मेद्वारलाई मतदान गरौ !**

**"तपाई साथ दिनुस्, हामी सेवा गर्नेछौं ।"**

–विप्लव सी

# प्रतिबद्धता पत्र

स्वाधीनता, आत्मनिर्भरता, समानताका लागि
हाम्रो नीति हाम्रो उम्मेदवार
"तपाईं साथ दिनुस, हामी सेवा गर्नेछौं ।" -विप्लव सी

**आदरणीय आमा-बुवा, दाजु-भाइ, दिदी-बहिनीहरू !**
**न्यानो अभिवादन !**

नव-युवा पुस्ताको विद्रोहपछि मुलुकमा नितान्त फरक र नयाँ परिस्थितिमा प्रतिनिधि सभाको निर्वाचन हुँदैछ । निर्वाचन नयाँ प्रस्ताव, नयाँ उद्देश्य, नयाँ शक्तिहरूसहित हुँदैछ । आम नागरिक भ्रष्टाचार, कमिसनखोरी, तस्करी, राष्ट्रघात विपक्षमा सुशासन, स्थिर सरकार, जनपक्षीय नीति, नियम र कानुनको अपेक्षासहित यो निर्वाचनमा सहभागी हुँदैछन् । आम नागरिकको चाहना नयाँ विचार र प्रस्तावसहितको नयाँ नेतृत्व हो । यो निर्वाचनमा हाम्रो जनप्रिय पार्टी नेपाल कम्युनिस्ट पार्टी (माओवादी) पनि सहभागी हुँदैछ । हामी पूर्ण विश्वास, जिम्मेवारीबोध एवं आशा र भरोसाका साथ यो संक्षिप्त प्रतिबद्धता-पत्र सार्वजनिक गर्दछौं ।

नेपाल राज्यलाई एकीकृत र संमृद्ध बनाउन अग्राधिकारसहितको समाजवादी संघीय राज्यमा पुनरसंरचना गर्नुपर्छ । त्यसै गरी न्यायपालिका, कार्यपालिका, व्यवस्थापिका लगायत राज्यका सबै अंग र निकायमा बहिष्करणमा पारिएका वर्ग, क्षेत्र, जातजाति तथा लिङ्गको समानुपातिक सहभागिता र प्रतिस्पर्धा दुबैलाई सुनिश्चित गर्नु पर्छ । यस्तो राज्य व्यवस्थाले मात्र नेपालका मजदुर, किसान, श्रमजीवी, मध्यमवर्ग, बुद्धिजीवी वर्गलाई राजनीतिक रूपले अधिकार सम्पन्न गराउने छ भने जनजाति, दलित, महिला, मधेशी लगायतका उत्पीडित जाति समुदायलाई राजनीतिक, आर्थिक, साँस्कृतिक, भाषिक, मनोवैज्ञानिक रूपलेएकताबद्ध गर्ने छ ।

## हाम्रो नीति र प्रतिबद्धता

### १. राजनीति

राजनीतिक पार्टीहरूको रूपान्तरण र राज्यको अर्थपूर्ण पुनरसंरचनाका लागि नेपालको विविधता अनुरूप जनजाति, मधेशी, श्रमिक, महिला, किसान मजदुर, वैज्ञानिक, बुद्धिजीवी तथा सबै क्षेत्रको सहभागिता र समावेशिताको आधारमा सार्वजनिक संस्थाहरूलाई जनताप्रति उत्तरदायी, जिम्मेवार र पारदर्शी बनाउने छौं ।

### २. शासकीय स्वरूप

संविधानको पूनर्लेखन गरी प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित कार्यकारी राष्ट्रपति हुने छ । विज्ञहरू संम्मिलित मन्त्रीपरिषद्को व्यवस्था हुने छ । स्थिर सरकार, आर्थिक उन्नति, शिक्षा, स्वास्थ्य र रोजगारी प्रति राज्यको दायित्व हुने गरी राज्यको चरित्र नेपाली विशेषताको समाजवादमा आधारित हुने छ ।

- जनप्रतिनिधि सभा र राष्ट्रिय सभालाई पूर्ण समानुपातिक बनाइने छ, जसको मुख्य काम 'राष्ट्र र जनताप्रति उत्तरदायी भई कानुन निर्माण गर्नु' हुने छ । जनप्रतिनिधि सभाको काम राज्यका दीर्घकालीन नीति निर्माण गर्ने कानुन बनाउने र सरकार तथा राज्यका अङ्गहरूलाई नियमन गर्नु हुने छ ।
- नेपालको न्याय प्रणालीमा आमूल परिवर्तन गरिने छ । न्यायपालिकालाई स्वतन्त्र, निष्पक्ष, पारदर्शी र सक्षम बनाई जनताप्रति पूर्ण उत्तरदायी हुने गरी जनताको न्याय, आशा र विश्वासको केन्द्रको रूपमा स्थापित गरिने छ ।
- न्यायलयलाई जनताप्रति उत्तरदायी बनाउन न्यायाधिशहरूको छनौट र सिफारिसमा हुँदै आएको दलीय भाग-बण्डाको अन्त्य गरी जनपरीक्षण पश्चात मात्र नियुक्ति गरिने छ ।
- संघीयता उत्पीडित जाति र क्षेत्रलाई पहिचान र अग्राधिकारसहितको समाजवादी संघीयताको नीति लिइने छ । निश्चित अवधिसम्म उत्पीडित जातिको नेतृत्व कायम रहनेगरी समाजवादी संघीयता लागु गरिने छ ।

### ३. आर्थिक नीति

- देशको आर्थिक दिशा नयाँ आर्थिक मार्ग (New EconomicTrack) मा आधारित हुने छ । आर्थिक क्षेत्रमा राज्यको नीति आत्मनिर्भर, अन्तरनिर्भर हुँदै संमृद्धितिर जाने हुनुपर्छ । त्यसका लागि दिगो कृषि, पर्यटन, उद्योग, व्यापारका क्षेत्रमा मुख्य ध्यान केन्द्रित गरिने छ । मुलुकमा एकीकृत अर्थ नीति (Unified Economic Policy) अवलम्वन गरिने छ । आत्मनिर्भर र निर्यातमुखी अर्थतन्त्र निर्माणको नीति अवलम्वन गरिने छ । यो एकीकृत स्वामित्व प्रणालीमा आधारित समाजवादी र प्रतिस्पर्धात्मक हुने छ । राज्य र निजी क्षेत्रको साझेदारीमा अगाडि बढ्ने नीति लिइने छ ।
- कृषि अर्थतन्त्र नेपालकोलागि अझै पनि मुख्य र अर्थतन्त्रको आधार हो र हुनु पर्छ । जमिन, जंगल, पानी, पर्यावरण, उर्वरता, जनशक्ति, आवश्यकता सबै दृष्टिले कृषिलाई राज्यले विशेष प्राथमिकतामा राखी उद्यमशिलताको प्रवर्द्धन, व्यवसायीकरण र बजारीकरणको व्यवस्था गर्नुपर्छ ।
- कृषिलाई आधुनिकीकरण गरी सबल र परिणाममुखी बनाउन राज्यले कृषि क्षेत्रमा लगानी वृद्धि गर्न विशेष नीति तर्जुमा गर्नुपर्छ । भू-उपयोग नीति, तालिम, प्रविधिमुखी, उन्नत बीउ, मल, बजार व्यवस्थाको सुनिश्चिता गर्नुपर्छ । कृषि उत्पादनमा खाद्यबाली, फलफूल, जडीबुटी, तरकारी, पशुपालनमा मुख्य ध्यान केन्द्रित गरिने छ ।
- उधोग र व्यापार अर्थन्त्रलाई नेपालका संमृद्धिका आधार बनाउनु पर्छ । नेपाली कच्चा पदार्थ, नेपाली बजार र अन्तराष्ट्रिय बजारलाई केन्द्रमा राखेर उद्योग क्षेत्र विकासमा जोड दिइने छ ।
- स्वदेशी लगानी, साधन तथा स्रोतमा आधारित रही जलविद्युत, खानी, पर्यटन, सिमेन्ट, कपडा आदि उद्योग स्थापना र विकासमा जोड दिइने छ ।

### ४. सुशासन र मौलिक अधिकार

- राज्यको पुनरसंरचना मार्फत यसको सञ्चालन चुस्त र प्रभावकारी बनाइने छ । भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति रहनेछ । विगतका सबै भ्रष्टाचारको छानविन गरी सम्पति राष्ट्रियकरण गरिने छ । गम्भीर भ्रष्टाचारी र मानवता विरोधी अपराधी लाई आजीवन कारावासको नीति लिइने छ । सबै क्षेत्र र निकायहरूमा गरिने नियुक्ति योग्यता (Meritocracy) लाई आधार मानी गरिने छ ।
- राज्यको चरित्र समाजवादी एवं लोककल्याणकारी रहने छ र जनताको मौलिक हक तथा अधिकारहरूको प्रचलनलाई प्राथमिकतामा राखिने छ ।

### ५. समाज र संस्कृति

- अनुशासित र सभ्य समाज निर्माणको लागि व्यक्ति, परिवार र समुदाय लक्षित व्यवहारिक नीति अवलम्न गरिने छ ।
- "सी" संस्कृतिलाई जनसंस्कृतिको रूपमा विकास गरी आपसी सद्भाव, सम्मान गर्दै समाजको वैज्ञानिक रूपान्तरण गरिने छ ।
- साँस्कृतिक विविधता, जनताको मौलिक संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गरिने छ ।

### ६. शिक्षा

- आम जनतालाई गुणस्तरीय शिक्षामा पहुँचको ग्यारेन्टी गरी शिक्षालाई वैज्ञानिक, प्राविधिक, जीवनपयोगी र रोजगारमुलक बनाइने छ ।
- ज्ञानमा आधारित अर्थतन्त्र निमार्णमा सहयोग पुग्ने गरी शिक्षालाई अनुसन्धानात्मक, नव-प्रवर्तनात्मक र व्यवहारिक बनाइने छ ।

### ७. स्वास्थ्य

- आम नागरिकको स्वास्थ्यमा पहुँच, गुणस्तीयता र सर्वसुलभताको सुनिश्चितता गरिने छ ।
- स्वास्थ्य क्षेत्रको पुर्वाधार विकास, दक्ष जनशक्तिको आपूर्ति आदिको व्यवस्था गरिने छ ।

### ८. रोजगारी

- विद्यमान बेरोजगारीको अन्त्य गर्न स्थानिक ज्ञान र सीपमा आधारित साना घरेलु उद्योगको विकास, उद्यमशील पाठशाला तथा सिकाई केन्द्रहरू स्थापना गर्ने नीति लिइने छ ।
- उच्च शिक्षा अध्यायनरत विद्यार्थीका लागि पढाइसँगै कमाइको नीति लिइने छ । योग्य एवं दक्ष जनशक्ति निर्माणको लागि 'एक युवा एक सीप ' को नीति मार्फत कृषि, पर्यटन, प्रविधि, उद्योग लगायतका क्षेत्रमा युवा परिचालन गरी बेरोजगारीको क्रमशः अन्त्य गरिने छ ।

### ९. विज्ञान र प्रविधि

- विज्ञान तथा सूचना प्रविधिमा आम नागरिकको पहुँच सुनिश्चित गर्न स्थानीय स्तरमा प्रविधि केन्द्रहरू निर्माण गरिने छ ।

### १०. परराष्ट्र नीति

- नेपालको अन्य मुलुकहरूसँगको सम्बन्ध सहअस्तित्व, स्वतन्त्रता, असंलग्नताका आधारमा मित्रवत सहकार्य गरिने नीति अवलम्बन गरिने छ ।
- छिमेकी मुलुकसँग पहिलो, मित्रवत सम्बन्ध, साझा लक्ष्य, सहकार्यको नीति अनुरूप राष्ट्रियता, स्वाधीनता र सार्वभौमिकताको रक्षा र सम्मान गर्ने नीति अवलम्बन गरिने छ ।

### ११. सुरक्षा नीति

- राष्ट्रिय सुरक्षाको लागि निश्चित उमेर समुहका नागरिकहरूको लागि निश्चित अवधिमम्म शारीरिक तालिमको व्यवस्था गरिने छ ।
- नेपालको राष्ट्रिय अखण्डता एवं सार्वभौमसत्ताको रक्षाको लागि प्रत्येक नागरिकलाई विशेष ढंगले प्रशिक्षित गरिने छ । जसमा नागरिक जागरण, आधारभूत रक्षा ज्ञान, सामाजिक सुरक्षा लगायतका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

### १२. सन्धि सम्झौता

- नेपालमाथि लादिएका १९५० लगायतका असमान सन्धि सम्झौता खारेज गरिने छ र सह-अस्तित्वका आधारमा नयाँ मैत्री सम्झौता गरिने छ ।

### १३. सूचना तथा संचार नीति

- प्रत्येक नागरिकको सूचना तथा सञ्चारको हकलाई मौलिक हकको रूपमा व्यवहारिक कार्यन्वयनमा लगिने छ । सूचना तथा सञ्चारको हकको प्रयोग गर्दा वैयक्तिक स्वतन्त्रताको सम्मानका साथै राष्ट्र हितको पक्षलाई विशेष ध्यान दिइने छ ।